# कोशीको पिडा र हाम्रो अदुरदर्शिता

- रतन भण्डारी

४८ वर्ष अघि भारतद्वारा नेपाली भूभागमा निर्मित कोशी बराजको तटबन्ध भत्कन पुग्दा सुनसरीका पश्चिम प्रिपा, हरिपुर, कुसवाह, श्रीपुर लगायत भारतका भिमपुर, वीरपुरलगायतका गाउँवस्तीहरुको अस्थित्व अहिले जोखिममा परेको छ । कमजोर तटबन्ध भत्केर कोशी गाउँ पसेपछि यस क्षेत्रका हजारौँलाखौँ जनता बेघरवार, विस्थापित मात्र भएका छैनन् कयौँले अकालमा ज्यान गुमाइसकेका छन् । रोग लागेपछि उपचार खोज्ने हाम्रा शासकवर्गहरुको चरित्रका कारण सुनसरीवासीहरुले जीवनमा कहिल्यै नभोग्नुनपरेको यो कहालीलाग्दो अवस्था बेहोर्नु परिरहेको छ । अहिले पनि ती गाउँहरु पानी मुनि छन् । हजारौँहजार जनता अहिले पनि जीवनको भिख मागिरहेका छन् । विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट बाढीप्रभावितहरुको उद्दार कार्य भैरहेको छ । बाढी पीडितको मानवीय सहयोगका लागि थुप्रै संघसस्थाका प्रतिनिधिहरु अहोरात्र खटेका छन् । प्रधानमन्त्री प्रचण्डसहितको सरकारी प्रतिनिधिहरुको टोली कोशी प्रभावित क्षेत्र पुगिसकेको छ । तर पनि कोशीले आफ्नो लिला अझै रोकेको छैन । कोशीको बाढी प्रभावित क्षेत्रले अझ थप क्षति ब्यहोर्नुपर्ने स्थिति देखापरेको छ ।

छानो चुहिँदा टाल्ने तर पूर्व सर्तकता नअपनाउने सरकारी अदूरदर्शी चरित्र र दीर्घकालीन सोचको अभावका कारण सुनसरीबासीले यो कहाली लाग्दो पीडा भोग्नु परिरहेको छ । आफ्ना नागरिक, माटो र सार्वभौमिकताप्रति कहिल्यै संवेदनशील नदेखिने सरकारी गैरजिम्मेवारीपनको परकाष्टा हो यो । यहाँ समस्या कोशीको मात्र होइन यो समस्या त गण्डक, तथा अन्य सीमावर्ती क्षेत्रमा भारतले गैरकानुनी ढंगले एकतर्फीरुपमा निर्माण गरेको ११ वटा भन्दा बढी तटबन्ध तथा महाकाली आदि क्षेत्रले भोग्दै आइरहेका छन् । तर कुरा प्रकोप अघि उठ्दैन । जब बाढी आउँछ तब मात्र हाम्रा प्रशासन र संघसंस्थाका कान ठाडा हुन्छन् । यो समस्याको जड कहाँ छ । यस्तो थप कति समस्या उत्पन्न गर्ने हो र अब यस्तो समस्या आउन नदिन के गर्नुपर्छ भन्ने बारे कहीँ कतै कसैले सोचेको देखिन्न । विद्यमान समस्या समाधानार्थ चाल्नुपर्ने तत्कालीक र दीर्घकालीन कदमहरु के के हुनसक्छन् भन्नेबारे सोच्नसक्ने बुद्धिभएका मानिस यहाँ छैनन् भन्न मिल्दैन । तर तिनलाई व्यवस्थित रुपले सुन्ने हाम्रो सरकारी प्रणाली नै छैन । हामी भन्छौँ भारतका कारण तराई डुबानमा पर्‍यो । कोसी गण्डक-महाकालीमा बाढी आयो, सुस्ता, महेसपुरजस्ता नेपाली भूभागमा भारतले अतिक्रमण गर्‍यो । बलमिच्याइ गर्‍यो । तर हामी भन्छौँ मात्र त्यसको समाधान त सरकारी स्तरबाट कुटनीतिक माध्यमबाट र अन्य महत्वपूर्ण मञ्चहरुको माध्यमबाट दीर्घकालीन रुपमा खोजिनुपर्ने हो । भारतीय शासकवर्गका अगाडि आफ्ना समस्या प्रष्ट रुपमा राख्न सुक्नुपर्ने हो र सदाका लागि नेपालीलाई पीडामुक्त पार्नुपर्ने हो । दुर्भाग्यवस हाम्रो राष्ट्रिय नेतृत्वमा त्यस चेतनाको अभाव देखिएको छ । र नै यी समस्याहरु दोहोरिँदै आएका छन् ।

जहाँसम्म यतिबेला कोशीको बाढीको कुरा छ यो कोशी सम्झौतामा व्यवस्था भएअनुसार बाँधको मर्मतसम्भार र जिर्णोद्धार भारतले गर्नुपर्ने थियो । तर हाम्रो सरकारको निरीहता कुटनीतिक अयोग्यता र भारतीयहरुको बेवास्ताका कारण यो दुर्घटना आइलागेको हो । तर यो समस्या यहासम्म कसरी आइपुग्यो भन्ने बारेमा यसको विगतलाई केलाउनु पनि जरुरी छ र स्थानीयबासीले पटकपटक आवाज उठाउँदा पनि भारतले बाँध मर्मत नगर्नुको पछाडि भारतको कस्तो योजना र नियतले काम गरेको छ भन्ने पनि बिर्सनु हुन्न ।

'विहारको आँसु' उपमा पाएको कोशी विहारका लागि अभिसाप हो र यो समस्या भारतीय संघीय सरकारको स्थायी टाउँको दुखाइको विषय हो । भारतले कोशीको बाढी नियन्त्रणका नाममा वर्षेनी करोडौँकरोड धनरासी खर्चदै आएको छ र पनि लक्षित सफलता हात लाग्न सकेको छैन । कोशीको बाढी कसरी नियन्त्रण गर्ने भन्ने बारे उसले विगतमा थुप्रै अध्ययन पनि गरेको छ । जहाँ सन् १७७९ तिरै गेजर रेनलले सर्वप्रथम कोशीको बाढीको गरेका थिए । त्यसपछि सन् १८६३ तिर जेम्स फरगुसनले कोशीको अध्ययन गरे । फरगुसन पछि एफ.ए. शिलिङ फिल्ड भन्नेले त कोशीको अध्ययनमा २५ वर्ष बिताए । शिलिङ फिल्डको अध्ययनले कोशी पछिल्ला २ सय वर्षमा १ सय २५ कि.मि. पश्चिमतिर बगिरहेको तथ्य बाहिर ल्यायो । समयान्तरमा सम्पन्न यी सबै अध्ययन मुलतः कोशीको बाढी नियन्त्रणमा केन्द्रित थिए । तर कुनैपनि अध्ययनले बाढी नियन्त्रणको यो नै ठोस उपाय हो भनी स्पष्ट दृष्टिकोण दिन सकेनन् । पछि सन् १९४४ तिर अमेरिकी बाँध निर्माण कम्पनी टेन्नेसी भ्याली अथोरिटी (टीभीए) ले भारतसरकारलाई कोशीको बाढी नियन्त्रणका लागि पहाडी क्षेत्रमा उच्चबाँध निर्माण गर्नुपर्ने सुझाव दियो । टीभीएकै सुझावअनुसार कोशीलाई नेपालको तराईमा प्रवेश गर्नुअघिनै उच्चबाँधद्वारा नियन्त्रण गर्ने सोच भारतीय शासकहरूमा पलायो । त्यसपछि त भारतले सन् १९४६ मा भारतीय जल आयोगका अध्यक्ष ए.एन. खोसलाको नेतृत्वमा नेपाल-भारतका प्राविधिकहरूको संयुक्त टोलीमार्फत उच्चबाँधको प्रारम्भिक अध्ययन गर्न लगायो । उक्त टोलीको अध्ययनले नेपालको बराहक्षेत्रमा ७४० फिट अग्लो बाँध बाँधी कोशीको बाढीलाई नियन्त्रण गर्नसकिने सुझाव पेश गर्‍यो । तर उच्चबाँधका कारण धार्मिक महत्वको बराहक्षेत्र डुब्ने भन्दै तत्कालीन राणा शासकहरूले त्यस आयोजनाको कार्यान्वयनमा असहमति जनाएका थिए । त्यसपछि नेपाली भूभागमै सन १९५९ मा कोशी ब्यारेजको सिलान्यास भयो र १९६५ मा सो आयोजना सम्पन्न भयो । भारतको वर्षौ पुरानो सप्तकोशीको सपना फेरी पछिल्लोपटक सन् १९९७ चर्चामा आयो र नेपाल-भारत दुवै देशले उच्चबाँधसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर समेत गरे । तर काम भने अघि बढन सकेन । बरु पूर्वी नेपालका २२६ गाउँवस्ती डुबानमा पार्दै ७५ हजार नेपालीलाई उठिवास लगाउने र नेपाललाई डुबाएर बिहारलाई बचाउने भारतीय चाल थाहा पाएपछि नेपालभित्र यसको चर्को विरोध हुँदै आएको देखिन्छ । उच्चबाँध निर्माणको हल्ला बेलाबेला सुनिदा यसबाट त्रसित सम्पूर्ण पूर्वाञ्चलवासी व्यापक असहमति सहित आन्दोलनमा उत्रिएका छन् । त्यही कारण उच्चबाँधको अध्ययन टोली अहिलेसम्म खुलेर आयोजनास्थल पस्नसकेको छैन । टोलीले धरान-विराटनगरलगायतका पाँचवटास्थानहरूमा कार्यालय खोली लुकिछुपी अध्ययन थालेको छ ।

माथि यो प्रसंग किन उठाइएको हो भने भारतको दीर्घकालीन योजना सप्तकोशी उच्चबाँध भएकोले उसले नेपालमा विभिन्न खाले विपत्ती सिर्जना गरी सप्तकोशी बाँध निर्माणमा नेपाललाई प्रोत्साहन गर्न चाहन्छ । यसरी भारत उच्चबाँध निर्माणको विकल्प नै छैन भन्ने देखाउन पनि उसले आधा शताब्दी पुरानो कोशी ब्यारेजको जिर्णोद्धारमा वर्षौदेखि बेवास्ता गर्दै आएको छ । जसको परणति आज तपाइँ हाम्रो सामु छ । यदि फेरी पनि विहारलाई बचाउने नाममा सप्तकोशी उच्चबाँधको भारतीय अवधारणाअनुसार अघि बढ्ने हो भने भोलि त्यसले निम्त्याउने दुर्घटना त कल्पनै गर्न नसकिने हुनेछ । त्यसैले नेपाल सरकारले कोशी मात्र नभई भारतले सीमावर्ती क्षेत्रमा एकतर्फीरुपमा गैरकानुनी रुपमा निर्माण गरेका सबै तटबन्ध भत्काउन कुटनितक पहल गर्नुपर्दछ । कोशी, गण्डक तथा महाकाली जस्ता असमान सन्धिसम्झौता खारेजी तथा पुनरावलोकनका लागि यथासक्य चाँडो कदम चाल्नुपर्दछ र यस्ता समस्याको दीर्घकालीन समाधान खोजी गर्नुपर्दछ । यदि भारतले नमानेको खण्डमा हेगस्थित अन्तराष्ट्रिय अदालतमा भारतीय ज्यादतिका विरुद्ध नेपाल सरकार जानसक्नुपर्दछ । समयमै कदम नचाले थुप्रै कोशी, गण्डक तथा महाकाली जन्मिरहेन छन् । यो हिम्मत देखाउन नसक्ने सरकारलाई राष्ट्रवादी कित्ताको सरकारमा राख्न सकिने छैन । विगतबाट सिकेर नयाँ कुराको पालन गर्न सकिन्छ । के भारतले आधा शताब्दिदेखी नेपाललाई दिइरहेको पीडालाई कम गर्ने तर्फ हाम्रो सरकारले पहल गर्नै नसक्ला त ?

साभारः नयाँ पत्रिका, २०६५ भदौ ७

ratanji@gmail.com